# सुनिलस्मृती गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्विनी प्रदेश, नेपाल

**नगर प्रहरी भर्ना सम्वन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/१०/२२)**

यस कार्यालयको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११(२)क को कार्यान्वयनार्थ करार सेवामा नगर प्रहरी अन्तर्गतका देहायका रिक्त पदहरुमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुवाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

१)आवश्यक माग पद संख्याः-

| क.स | विज्ञापन नं. | पद | माग संख्या | खुल्ला | समावेशी समूह | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आदीवासी/जनजाती | दलित |
| १ | ९/२०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | १ | १ | ० | ० | ० |
| २ | १०/२०७९/०८० | नगर प्रहरी जवान | ४ | २ | १ | १ | ० |

२) दरखास्त फारम दर्ता मितिः- २०७९/१०/२३ गतेदेखि २०७९/११/१२ गतेसम्म कार्यालय समयमा(सार्वजनिक विदाको दिन वाहेक)

३.दरखास्त दिने स्थानः- सुनिलस्मृति गाउँपालिका गाँउकार्यपालिकाको कार्यालय सुलिचौर,रोल्पा।

| ४.आवेदन दस्तुरः | | |
|---|---|---|
| | क) नगर प्रहरी,जवान | रु ३००/ (तीन शय रुपैया मात्र) |
| | ख)नगर प्रहरी,सहायक निरीक्षक | रु ५००/- (पाचँ शय रुपैया मात्र) |

५. उमेर हदः-

| क.स | पद | |
|---|---|---|
| १ | नगर प्रहरी सहायक निरीक्षक/नगर प्रहरी जवान | १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको तर भूपू सुरक्षाकर्मीवाट निवृत्त ब्यक्ति भएमा ४५ वर्ष ननाघेको |

६. आवश्यक न्यूनतम योग्यताः-

| पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|
| नगर प्रहरी जवान | १.शैक्षिक योग्यताः- मान्यता प्राप्त विद्यालयवाट कक्षा ८ वा सो सरह उतीर्ण गरेको,<br>२. मानवअधिकार र मानवीय कानूनको उलंघनमा सजाय नपाएको हुनुपर्ने,<br>३. प्रचलित कानुनले नैतिक पतन देखिनेगरी फौजदारी अभियोगमा सजाए नपाएको हुनुपर्ने,<br>४.राजनैतिक दलको सदस्य नरहेको,<br>५.उचाई छाती र तौलः<br>क) पुरुष- उचाई घटीमा ५ फिट १ इन्च, छाती ३०-३१, तौल न्यूनतम ५० केजी<br>ख)महिला- उचाई ५ फिट,तौल कम्तीमा ४२ केजी |

| | |
|---|---|
| | ६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. निरोगिताको प्रमाणपत्र पाएको,<br>८. नेपाली नागरिक |
| नगर प्रहरी,सहायक निरीक्षक | १.शैक्षिक योग्यताः- मान्यता प्राप्त विद्यालयवाट प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको<br>२.मानवअधिकार र मानवीय कानूनको उलंघनमा सजाय,<br>३. प्रचलित कानुनले नैतिक पतन देखिनेगरी फौजदारी अभियोगमा सजाए नपाएको हुनुपर्ने,<br>४.राजनैतिक दलको सदस्य नरहेको,<br>५.उचाई छाती र तौलः<br>क) पुरुष- उचाई घटीमा ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० केजी<br>ख)महिला- उचाई ५ फिट,तौल कम्तीमा ४२ केजी<br>६. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>७. निरोगिताको प्रमाणपत्र पाएको,<br>८. नेपाली नागरिक<br>९.नेपाली वा विदेशी राष्ट्रको सुरक्षा निकायमा सेवा गरी सेवा निवृत भएको |
| नोटः- नगर प्रहरी,सहायक निरीक्षकको हकमा योग्यता नं ९ को हकमा सो सम्वन्धी योग्यता पुगेको कम्तिमा ३ वटा उम्मेदवारको दरखास्त प्राप्त भएमा अन्यको दरखास्त अस्वीकृत गरिनेछ र राजस्व फिर्ता गरिनेछ ।अन्यथा अन्य योग्यता पुगेका समेतवाट प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ती गरिनेछ। | |

७.दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरुः-

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

ख) हालसालै खिचेको पुरै मुखाकृति(दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो(पुरुषको हकमा दाही र कपाल काटेको) ३ प्रति

ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति(सो तहको चारित्रिक,स्थायी वा प्रोभिजनल प्रमाणपत्र र मार्कशिट सहित)

घ) आदीवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदीवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित वडाको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।


ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.npवेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

ङ) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित वडाको सिफारिसमा प्रमुख ज़िल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराएको कागजात ।

च) कामसंग सम्वन्धित अनुभव भए सोको कागजात

छ) स्वघोषणा सहितको आवेदन फारम

ज) दरखास्त फारमसंग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडि पट्टी "सक्कल वमोजिम नक्कल ठिक छ" भनी उम्मेदवार स्वयमले अनिवार्य रुपमा दरखास्त गर्नु पर्नेछ।

८. परिक्षा विधिः-

- प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परिक्षा
- लिखित परिक्षाः- क)वस्तुगत बहुउत्तर(Multiple Choice)प्रश्नको गलत उत्तर बापत २०% अंक कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ।

  ख) वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर(Capital Letter)मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ ।
- अन्तर्वार्ता(स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परिक्षामा र वस्तुगत बहुउत्तरमा पास भएकालाई समावेश गराइनेछ)

९) सेवा अवधिः- २०८०असार मसान्त सम्म (कार्यसम्पादनको आधारमा अर्को बर्ष पनि थप गर्न सकिने) ।

१०) सेवा सुविधाः- तोकीए बमोजिम

(दिनेश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

नोटः- क)पाठ्यक्रम र परिक्षा मिति दरखास्त दर्ता मिति सकिएपछि प्रकाशित गरिनेछ ।

ख) स्वघोषणासहितको दरखास्त फारम गाउँपालिकाको प्रशासन शाखा वा गाउँपालिकाको वेवसाइट(www.sunilsmriti.mun.gov.np) मार्फत समेत प्राप्त गर्न सकिनेछ।